छिपहरमाई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ४ मितिः २०७९।११।२६ गते

भाग-२

छिपहरमाई गाउँपालिका

# विद्यालय शिक्षक, कर्मचारी व्यवस्थापन तथा स्वयंसेवक करार शिक्षक छनौट कार्यविधि, २०७९

**प्रस्तावनाः-**

छिपहरमाई गाउँपालिकामा परिवर्तित संवैधानिक व्यवस्था तथा शासकीय संरचनाले सिर्जना गरेका शैक्षिक अवसर, दायित्व, क्षेत्राधिकार, कर्तव्य र जिम्मेवारीलाई व्यवस्थित गर्न गाउँपालिका अन्तर्गत रहेका सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालय लगायतका शैक्षिक निकायहरुमा विद्यमान बहुआयामिक जटिलताहरुको यथोचित व्यवस्थापन गरी शैक्षिक गुणस्तर सुनिश्चितता प्रदान गर्न र लेखा तथा प्रशासनिक कार्यलाई दुरुस्त गर्न पुरक कार्यविधि तथा मापदण्डको रुपमा सामुदायिक विद्यालयमा विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन तथा रिक्त रहन जाने शिक्षकको करार पदपूर्ति गरी पठन-पाठनलाई निरन्तरता तथा नियमितता दिन कार्यविधि तयार गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको अनुसूची-८ को स्थानीय तहको एकल अधिकारको सूचीको खण्ड (८) मा उल्लिखित आधारभूत तथा माध्यमिक शिक्षाको कार्यान्वयनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नेपालको संविधानको धारा २१४ बमोजिम गठित गाउँ कार्यपालिकाको कार्यालयले **'विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन तथा स्वयंसेवक करार शिक्षक छनौट कार्यविधि,** २०७९' तयार गरी लागू गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-**

क. यस कार्यविधिको नाम **"विद्यालय शिक्षक, कर्मचारी व्यवस्थापन तथा स्वयंसेवक करार शिक्षक छनौट कार्यविधि,२०७९"** रहेको छ।

ख. यो कार्यविधि छिपहरमाई गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "ऐन" भन्नाले छिपहरमाई गाउँपालिकाको शिक्षा ऐन, २०७७ लाई सम्झनु पर्दछ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ लाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले छिपहरमाई गाउँपालिका सम्झनु पर्दछ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले छिपहरमाई गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "परीक्षा" भन्नाले विद्यालयमा रिक्त रहन गएको शिक्षक पदमा लिइने परीक्षा भन्ने सम्झनु पर्दछ।

(च) "विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन" भन्नाले छिपहरमाई गाउँपालिकाको स्रोतबाट व्यवस्थापन गरिने शिक्षक तथा कर्मचारी सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले विद्यालयमा रिक्त रहन गएको शिक्षक पदमा परीक्षा लिने शिक्षक छनौट समितिलाई सम्झनु पर्दछ ।

(ज) “विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन समिति” भन्नाले छिपहरमाई गाउँपालिकाको स्रोतबाट व्यवस्थापन गरिने शिक्षक तथा कर्मचारी छनौट गर्ने समिति सम्झनु पर्छ ।

(झ) “विद्यालय” भन्नाले नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयलाई सम्झनु पर्दछ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) सामुदायिक विद्यालयमा रिक्त रहन जाने शिक्षकको दरबन्दीमा करार पदपूर्ति गरी पठन-पाठनलाई निरन्तरता तथा नियमितता दिने।

(ख) छिपहरमाई गाउँपालिकाको स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठन-पाठनलाई निरन्तरता तथा नियमितता दिई सिकाइ उपलब्धि बृद्धि गर्ने र लेखा तथा प्रशासनिक कार्यलाई दुरुस्त बनाउने।

## परिच्छेद–२
## शिक्षक छनौट समिति सम्बन्धी ब्यबस्था

४. **शिक्षक छनौट समितिः-**

(१) पालिकाले दरबन्दी सृजना गरी रिक्त रहेको/ सामुदायिक विद्यालयमा रिक्त रहन गएको शिक्षक दरबन्दीमा करार शिक्षक नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

(क) पालिकाको हकमा पालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति र विद्यालयमा व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य– अध्यक्ष

(ख) गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा विद्यालय निरीक्षक र शाखा अधिकृत – सदस्य

(ग) पालिका/शिक्षा विकास तथा समन्वय इकाईले सुचीकृत गरेका विज्ञहरु मध्येबाट विषय विज्ञ १ जना – सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक तथा पालिकाको हकमा सम्बन्धित शाखाको शाखा प्रमुख –सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद–३
## विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन समिति सम्बन्धी ब्यबस्था

५. **विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन समितिः**

(१) छिपहरमाई गाउँपालिकाको स्रोतबाट विद्यार्थी शिक्षक अनुपातको आधारमा आवश्यक स्वयंसेवक करार शिक्षकतथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत

शिक्षक पूर्ति गरी पठन-पाठनलाई निरन्तरता दिई सिकाइ उपलब्धि बृद्धि गर्ने लेखा तथा प्रशासनिक कार्यलाई दुरुस्त गर्ने प्रयोजनार्थ स्वयंसेवक करार शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ।

(क) गाउँ शिक्षा समितिको अध्यक्ष – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा विद्यालय निरीक्षक – सदस्य

(घ) पालिका/ शिक्षा विकास तथा समन्वय इकाईले सुचीकृत गरेका विज्ञहरु मध्येबाट विषयविज्ञ १ जना – सदस्य

(ङ) पालिकाको हकमा सम्बन्धित शाखा प्रमुख– सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

(३) समितिका पदाधिकारीहरुलाई परीक्षा संचालन तथा नतिजा प्रकाशनमा खटिए बापत प्रतिदिन दुई हजार रुपैयाँका दरले भत्ता उपलब्ध गराइनेछ ।

## परिच्छेद–४
## विज्ञापन प्रकाशन सम्बन्धी प्रक्रिया

६. **विज्ञापन प्रकाशनः** (१) गाउँपालिकाको स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालय मातहत र विषयगत शिक्षक पूर्ति गरी पठन-पाठनलाई निरन्तरता दिई सिकाइ उपलब्धि बृद्धि गर्ने प्रयोजनार्थ शिक्षक तथा कर्मचारी नियुक्तिका लागि छिपहरमाई गाउँ कार्यपालिकाको कार्यालयले नै वितरण गरीएका दरबन्दीहरुको विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

(२) विद्यालयमा शिक्षकको पद रिक्त रहन गएको प्रमाण सहित विद्यालयले करार पदपूर्तिका लागि शिक्षा विकास तथा समन्वय इकाईबाट अनुमति माग गर्नुपर्नेछ। पेश गरिएका कागजातका आधारमा शिक्षा विकास तथा समन्वय इकाईबाट शिक्षक नियुक्तिको लागि निर्देशन सहित अनुमति प्रदान गर्नेछ। अनुमति पत्रसाथ संलग्न निर्देशन बमोजिम विद्यालयले विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

(३) रिक्त पदपूर्तिका लागि कम्तिमा १५ देखि बढीमा ३० दिनको म्याद राखी गरिएको विज्ञापन स्थानीय संचारमाध्यमबाट प्रकाशन वा प्रशारण गराउने, विद्यालय, सम्बन्धित स्रोतकेन्द्र र यस कार्यालयमा समेत टाँस गर्नुपर्नेछ।

(४) परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको स्वीकृत पाठ्यक्रम बमोजिमको हुनेछ।

(५) परीक्षा दस्तुर शिक्षक सेवा आयोगले लिने तहगत परीक्षाका लागि तोके बमोजिम हुनेछ।

(६) आवेदन फाराम विद्यालयले उपलब्ध गराउनुपर्नेछ।

(७) सम्पर्क मितिका दिन परीक्षा कार्यतालिका सार्बजनिक गर्नुपर्नेछ।

(८) दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारको प्रवेशपत्र जारी गरी नामावली प्रकाशन गर्नुपर्नेछ।

(९) तर गाउँपालिकाबाट सिर्जना भएको शिक्षक दरबन्दीको हकमा दरखास्त दिनका लागि अध्यापन अनुमति पत्र अनिवार्य गरिएको छैन। कम्प्युटर विज्ञान शिक्षकमा आवेदन दिने उम्मेद्वार सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त नगरेको भएता पनि मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिने कम्प्युटर फण्डामेण्टलः, विण्डोज, अफिस प्याकेज, हार्डवेयर एण्ड नेटवर्किङ, डाटाबेस, प्रोग्रामिङ्ग सम्बन्धी कम्प्युटर तालिम लिएकोलाई उम्मेदवारी दिन बाधा परेको मानिने छैन।

(१०) विज्ञापन गरिने विभिन्न तहहरु माध्यमिक, आधारभूत (नि.मा.), आधारभूत (प्रा.) र बालबिकासका शिक्षकहरुको परीक्षा दस्तुर क्रमशः पन्ध्र सय रुपैयाँ, बारह सय रुपैयाँ, एक हजार र पाँच सय रुपैयाँ हुनेछ कर्मचारीहरुको हकमा निर्धारित तह बमोजिमको दस्तुर हुनेछ।

(११) माथि उल्लिखित बमोजिमका परीक्षामा नेपाली नागरिकले मात्र उम्मेद्वारी दिन सक्नेछन्।

## परिच्छेद–५
## प्रश्न-पत्र निर्माण तथा परीक्षा संचालन

**७. परीक्षा संचालनः**

(१) परीक्षा संचालन समितिले तय गरेको समय तालिका बमोजिम हुनेछ।

(२) प्रश्न-पत्र निर्माणमा समिति जिम्मेवार, उत्तरदायी र जवाफदेही हुनेछ तर प्रश्न-पत्रको निर्माण सम्बन्धि कामविषय विशेषज्ञबाट मात्र गरिने छ।

(३) प्रश्न-पत्रको गोपनियता भङ्ग भएमा गोपनियता भङ्ग गर्नेलाई ऐन तथा नियमावली बमोजिम कारवाहीहुनेछ।

(४) प्रश्न-पत्र निर्माण गर्दा समितिले ब्यवस्थित विधि अपनाउनु पर्नेछ।

(५) प्रश्न-पत्रको शुद्धा शुद्धी अनिवार्य रुपमा गर्ने वा गराउने ब्यवस्था हुनुपर्नेछ।

(६) प्रश्न-पत्र पाठ्यक्रमले तोके बमोजिम निर्माण गर्नुपर्नेछ।

(७) परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष सम्बन्धित विद्यालयका प्रधानाध्यापक हुनेछ ।

(८) छिपहरमाई गाउँपालिकाको स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठन पाठनलाई निरन्तरता तथा नियमितता दिइ सिकाई उपलब्धि बृद्धि गर्ने प्रयोजनका लागि शिक्षक तथा कर्मचारी नियुक्तिका लागि

छिपहरमाई गाउँपालिकाले बिज्ञापन गरेका परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत हुनेछ।

(९) परीक्षा केन्द्र समितिले तोकेको स्थानमा रहनेछ।

(१०) परीक्षार्थीहरुको हाजिरी उतार गरी परीक्षासँग सम्बन्धित कागजातका साथ राख्नुपर्नेछ।

(११) परीक्षण गरिएका उत्तर पुस्तिका सम्बन्धित विद्यालयले ६ महिनासम्म सुरक्षित राख्नु पर्नेछ।

(१२) परीक्षार्थीले परीक्षाको नियम उल्लङ्घन गरेमा निष्कासन समेत गर्न सकिनेछ।

(१३) परीक्षा संचालन गर्दा नियुक्त गरिने विषय विशेषज्ञ, परीक्षा समितिका पदाधिकारीलाई प्रतिदिन दुई हजार रुपैयाँका दरले पारिश्रमिक उपलब्ध गराइनेछ। परीक्षामा खटिने कम्प्युटर अपरेटर र कार्यालय सहयोगीलाई दैनिक क्रमशः दुई हजार रुपैयाँ र पाँच सय रुपैयाँका दरले पारिश्रमिक उपलब्ध गराइनेछ।

(१४) परीक्षा समितिका सदस्यहरु नै परीक्षा संचालन गर्दा केन्द्राध्यक्ष, सुपरीवेक्षक निरीक्षक रहनेछ।

## परिच्छेद–६
## उत्तर पुस्तिका परीक्षण,नतिजा प्रकाशन र नियुक्ति

८. **उत्तरपुस्तिका परीक्षणः-**

(१) उत्तर पुस्तिका परीक्षणका लागि कोडिङ तथा डिकोडिङ शिक्षा हेर्ने अधिकृत, वि.नि.र स्रोत व्यक्ति मध्ये कुनै एक बाट गरी परीक्षकलाई बुझाउनुपर्नेछ।

(२) विषयविज्ञले उत्तर कुञ्जिका तयार गरी पेश गर्नुपर्नेछ।

(३) विषयगत र बस्तुगत प्रश्न फरक-फरक समयमा विशेषज्ञबाट परीक्षण गराउनुपर्नेछ।

(४) बस्तुगत तथा विषयगत परीक्षाको प्राप्ताङ्कको जोड गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम शिक्षकसेवा आयोगले तयार गरेको मापदण्ड बमोजिमको संख्यामा बर्णानुक्रमका आधारमा प्रकाशन गर्नुपर्नेछ।

(५) समितिले लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुको मौखिक परीक्षा संचालन गर्नेछ।

(६) कम्प्युट विषयमा प्रयोगात्मक परीक्षा समेत संचालन गरिनेछ।

(७) उम्मेदवारले लिखित तथा मौखिक परीक्षामा प्राप्त गरेको कूल प्राप्ताङ्कको आधारमा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने आवश्यक संख्यालाई सफल उम्मेदवार र त्यस पछिको सबै भन्दा बढी अङ्क प्राप्त गर्ने आवश्यक संख्यालाई वैकल्पिक उम्मेदवारको रुपमा छनौट समितिले सफारिस गर्नेछ।

(८) सफल उम्मेदवारले नतिजा प्रकाशन भएको ७ दिन भित्रमा सम्बन्धित निकायबाट नियुक्ति लिइ सक्नुपर्नेछ। उक्त अवधिभित्र नियुक्ति नबुझेमा वा नबुझ्ने निवेदन दिएमा विद्यालयले बैकल्पिक सूचीमा रहेका निकटतम उम्मेदवारलाई नियुक्ति दिनुपर्नेछ। तर सिफारिस भएको व्यक्तिले १५ दिन भित्रमा कुनै जानकारी बिना वा सम्पर्क नगरेमा स्वतः वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ।

(९) नियुक्ति भएको जानकारी सम्बन्धित निकायहरुमा दिई ७ दिन भित्रमा व्यक्तिगत फायल खडा गरी १ प्रति गाउँपालिकामा र १ प्रति शिक्षा विकास तथा समन्वय इकाइमा बुझाई नियमानुसार तलब भत्ता माग गर्नुपर्नेछ तर गाउँपालिकाबाट सिर्जना भएका दरबन्दीमा नियुक्त शिक्षकहरुको अभिलेख सम्बन्धित तहमा रहनेछ।

(१०) शिक्षक छनौट सम्बन्धमा माथि उल्लेखित बुँदाका अतिरिक्त आकस्मिक रुपमा कुनै विषयमा निर्णय लिनु परेमाऐन नियमसँग नबाझिने गरी छनौट समितिले निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

(११) छिपहरमाई गाउँपालिकाको स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पुर्ती गरी पठन-पाठनलाई निरन्तरता तथा नियमितता दिई सिकाइ उपलब्धि बृद्धि गर्ने र लेखा तथा प्रशासनिक कार्य दुरुस्त गर्ने प्रयोजनका लागि शिक्षक नियुक्ति तथा कर्मचारीका लागि छिपहरमाई गाउँपालिकाले बिज्ञापन गरेका शिक्षक तथा कर्मचारी नियुक्तिको हकमा गाउँपालिकाले विद्यालयगत रुपमा योग्यताक्रमका आधारमा सफल उमेदवारलाई १ बर्षका लागि करारमा नियुक्ति गर्नेछ।

(१२) पदपूर्तिको लागि आव्हान गरिएको पदमा आवेदन दिन चाहने उम्मेदवारले सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता उत्तीर्ण भएको हुनुपर्नेछ। अध्यापन अनुमति पत्र अनिवार्य गरिएको छैन। कम्प्युटर विज्ञान शिक्षकमा आवेदन दिने उम्मेदवार सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त नगरेको भएता पनि मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिने कम्प्युटर फण्डामेण्टलस्, विण्डोज, अफिस प्याकेज, हार्डवेयर एण्ड नेटवर्किङ, डाटाबेस, प्रोग्रामिङ सम्बन्धी कम्प्युटर तालिम लिएकोलाई उम्मेदवारी दिन बाधा परेको मानिने छैन।

(१३) गाउँपालिकाबाट सिर्जना गरिएका शिक्षक तथा कर्मचारीहरु करारमा नियुक्त हुनेछन्। यसरी नियुक्त भएका शिक्षकहरुको पठन-पाठन तथा शैक्षिक गतिविधिको समग्र प्रगति तथा विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा गाउँ शिक्षा समितिले औचित्य कायम रहने मनासिव देखेमा स्रोतको सुनिश्चितता कायम गरी करार नवीकरण गर्न सक्नेछ। तर निजको करारनामा अवधि थप गर्ने वा नगर्ने विषयको अन्तिम निर्णय सम्बन्धित निकायको हुनेछ।

## परिच्छेद–७
## विविध

९. **कार्यविधि व्याख्याः** शिक्षक छनौट सम्बन्धी यस कार्यविधिमा कुनै दुविधा उत्पन्न भएमा प्रचलित शिक्षा ऐन, नियमावली र शिक्षक सेवा आयोग नियमावलीको आशय बमोजिम व्याख्या गरिनेछ।

(१) यस अघि शिक्षा विकास तथा समन्वय इकाईको अनुमतिमा संचालन भएका शिक्षक छनौटका परीक्षाहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

(२) छिपहरमाई गाउँपालिकाबाट सिर्जना भएका शिक्षक तथा कर्मचारी दरबन्दीको हकमा निजहरुले पाउने पारिश्रमिकतलब छिपहरमाई गाउँपालिकाले तोके बमोजिम हुनेछ र सोही अनुसार करार सम्झौता गर्नुपर्नेछ।

(३) आवेदन फारमको नमुना

सि.नं.
विज्ञापन नं.

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा पर्सा

फोटो

दरखास्त फारम

१) आवेदकको नाम:-

| (नेपालीमा) | | |
|---|---|---|
| पहिलो नाम | बीचको नाम | थर |
| | | |
| In English | | |
| First Name | Middle Name | Last Name |
| | | |

| | | | |
|---|---|---|---|
| २) जन्ममिति:- | वि.स. | A.D. | |
| ३) नागरिकता विवरण:- | | | |
| ना.प्र.नं. | जारी जिल्ला:- | जारी मिति:- | |
| ४) आवेदकको बुबाको नाम:- | | | |
| ५) आवेदकको आमाको नाम:- | | | |
| ६) आवेदकको बाजेको नाम:- | | | |
| ७) स्थायी ठेगाना:- | | | |
| जिल्ला:- | स्थानीय तह:- | वडा नं. | |
| ८) अस्थायी ठेगाना:- | | | |
| जिल्ला:- | स्थानीय तह:- | वडा नं. | |
| ९) आवेदन दिन चाहेको पद:- | | | |

| १०)शैक्षिक योग्यता | उर्तिर्ण गरेको वर्ष | श्रेणी | शिक्षण संस्थाको नाम, ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

| | | |
|---|---|---|
| ११)जात:- | १२) धर्म:- | |
| १३)अन्य विवरण:- | | |

| औंठाको छाप | |
|---|---|
| | |

आवेदकको सही र मिति:-

कार्यालय प्रयोजनको लागि
चेक गर्ने कर्मचारी:-
पद:-
..............................................
प्रमाणित गर्ने:-

अनुसूची-४
(दफा ५(४) सँग सम्बन्धित)

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा पर्सा

## प्रवेश-पत्र

पासपोर्ट साईजको फोटो

परिक्षार्थीले भर्ने

क) नाम,थरः-
ख) पदः -
ग) तहः-
घ) परीक्षा केन्द्रः-
ङ) उम्मेदवारको दस्तखतः

कार्यपालिकाको कार्यालयले भर्ने

गाउँपालिकाबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ।विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ।

रोल नम्बरः-

.................................... (कर्मचारीको दस्तखत)

.............................. (कार्यालयको छाप)

---

अनुसूची-४
(दफा ५(४) सँग सम्बन्धित)

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा पर्सा

## प्रवेश-पत्र

पासपोर्ट साईजको फोटो

परिक्षार्थीले भर्ने

क) नाम,थरः-
ख) पदः
ग) तहः-
घ) परीक्षा केन्द्रः-
ङ) उम्मेदवारको दस्तखतः

कार्यपालिकाको कार्यालयले भर्ने

गाउँपालिकाबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ।

रोल नम्बरः-

.................................... (कर्मचारीको दस्तखत)

.............................. (कार्यालयको छाप)